# नेपाल सरकार
# रक्षा मन्त्रालय

मितिः २०८३/०२/०७

## मन्त्रालयबाट सम्पादित कार्यहरूको मासिक प्रगति विवरण

**आ. व. २०८२/८३** **महिनाः वैशाख**

**क. प्रशासन महाशाखा**

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **कर्मचारी प्रशासन शाखा** | - यस मन्त्रालयसँग सम्बन्धित नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूको २०८२ चैत्र मसान्तसम्मको कार्यान्वयन अवस्थाको प्रगति विवरण मन्त्रिपरिषद् निर्णय कार्यान्वयन अनुगमन प्रणाली (CDIMS) मा प्रविष्टि गरी प्रगति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- नेपाली सेनाबाट सिफारिस भईआएबमोजिम नियमित बढुवा, सरूवा, आयुक्त प्रदान र राजीनामा लगायत कार्यसम्पादन गरिएको (नियमित बढुवा ५ जना, सरूवा २३ जना, आयुक्त प्रदान २ जना र राजीनामा १४ जना), |
| २. | **शासकीय सुधार तथा मानव संसाधन विकास शाखा** | - मन्त्रालयले नेपाली सेनातर्फ (सकलदर्जा) ८९ जना (तालिम, सेमिनार/कन्फरेन्स/वर्कसप/कार्यक्रम) को वैदेशिक भ्रमणको लागि मनोनयन गरिएको,<br>- मिति २०८३ बैशाख १४ गते सबै सरकारी कार्यालयमा "शून्य बाँकी फाइल सप्ताह" (Zero Pending File Week) अभियान सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८२ को बुँदा नं.४ अनुरुप गठित "शून्य बाँकी फाइल सप्ताह" अभियान समन्वय समितिको बैठक मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा मन्त्रालयका महाशाखा तथा शाखा प्रमुखहरुको उपस्थितिमा बसेको,<br>- आ.व. २०८२/८३ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत "रक्षा मन्त्रालय र नेपाली सेनाबिच अन्तरक्रिया/अभिमुखीकरण कार्यक्रम" रक्षा मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा मन्त्रालयका अधिकृतस्तरका कर्मचारीहरू तथा नेपाली सेना, जंगी अड्डा, बलाधिकृत विभागका बलाधिकृत रथी श्री प्रदिप जंग के.सी. र विभागीय प्रमुखहरू सहभागितामा |

| | | |
|---|---|---|
| | | मिति २०८३/०१/१६ गते भुईं तल्लाको एकता हलमा सम्पन्न गरिएको,<br>- मिति २०८३ वैशाख ३० गते रक्षा मन्त्रालयका प्रशासन महाशाखा प्रमुखको संयोजकत्वमा गठित शासकीय सुधार एकाइको बैठक सहसचिव श्री मनोजकुमार आचार्यको संयोजकत्वमा मन्त्रालयका महाशाखा तथा शाखा प्रमुखहरुको उपस्थितिमा बसेको, |

**ख. योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा**

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **योजना तथा सैनिक कल्याण शाखा** | - आ.व. २०८३/८४ को बजेट वक्तव्यमा समावेश गर्नुपर्ने बुँदाहरु अर्थ मन्त्रालयमा मिति २०८३/०१/०२ गते उपलब्ध गराइएको,<br>- मिति २०८३/०१/०३ गते योजना तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखा प्रमुख सहसचिव श्री कृष्ण पौडेलज्यूको संयोजकत्व तथा काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना प्रमुख श्री धर्मेन्द्र कुमार झाको विशेष उपस्थितिमा सो आयोजनाको प्रस्थान बिन्दु रहेको ललितपुर जिल्ला स्थित खोकना (० कि.मि.) देखि डुकुछाप (६.५ कि.मी.) इलाकामा प्रस्ताव गरिएका विभिन्न मन्त्रालय/निमाय अन्तर्गतका आयोजनाहरुको हालसम्मको कार्यान्वयनको अवस्था सम्बन्धमा छलफलका निमित्त बैठक सम्पन्न भएको,<br>- मिति २०८३/०१/०३ गते रक्षा मन्त्रालयको पाँच वर्षे रणनीतिक योजना तर्जुमा सम्बन्धमा गठित रणनीतिक योजना तर्जुमा समितिले तयार गरेको मस्यौदा उपर धारणा, सुझाव र पृष्ठपोषण लिने प्रयोजनका लागि समितिका संयोजक योजना तथा अन्तराष्ट्रिय समन्वय महाशाखा प्रमुख सहसचिव श्री कृष्ण पौडेलज्यूको संयोजकत्वमा बैठक सम्पन्न भएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट रक्षा मन्त्रालय अन्तर्गतका विभिन्न आयोजना/योजनाहरुको स्वीकृत हुन बाँकी वातावरणीय अध्ययन प्रतिवेदनको हालको अवस्था सम्बन्धमा विवरण माग गरिएकोमा यस मन्त्रालय अन्तर्गत बेनिघाट-आरुघाट लार्केभन्ज्याङ्ग सडकनिर्माण आयोजना, ९२ कि.मि. सँग सम्बन्धित विवरण मिति २०८३/०१/१४ गते पठाइएको,<br>- रक्षा मन्त्रालयको पाँच वर्षे रणनीतिक योजना तर्जुमा सम्बन्धी प्रतिवेदन श्रीमान् रक्षा सचिवज्यू समक्ष मिति २०८३/०१/१५ गते पेश भई सो सम्बन्धमा नेपाली सेना, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा राय/सुझावको लागि मिति २०८३/०१/१५ गते नै पत्राचार गरिएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - संघीय संसद पूर्वाधार विकास समितिद्वारा गठित राष्ट्रिय गौरवका आयोजना अध्ययन उपसमितिको आयोजनामा मिति २०८३/०१/१७ गते श्रीमान् सचिवज्यूको उपस्थितिमा आयोजना प्रमुखद्वारा काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनासँग सम्बन्धित प्रस्तुतीकरण पेश गरिएको,<br>- संघीय संसद, प्रतिनिधि सभा, पूर्वाधार विकास समिति अन्तर्गत राष्ट्रिय गौरवका आयोजना अध्ययन उपसमितिले माग गरे बमोजिम राष्ट्रिय गौरवका आयोजनासँग सम्बन्धित विवरण मिति २०८३/०१/२१ गते उपलब्ध गराइएको,<br>- श्रीमान् रक्षा सचिवज्यूको अध्यक्षता एवम् श्रीमान् प्रधानसेनापति ज्यूको विशेष उपस्थितीमा आ.व. २०८३/८४ को तेस्रो त्रैमासिक अवधिको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) मिति २०८३/०१/२२ गतेको दिन सम्पन्न भएको र MDAC को निर्णय सम्बन्धित निकायहरुमा मिति २०८३/०१/२४ गते पठाइएको,<br>- काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको चेनेज ६+५०९.३२३ देखि २४+७७३.८०० कि.मी. तथा बुदुने ईन्टरचेन्ज ४२+८०० कि.मी. खण्डको निर्माण कार्यको नेपाल सरकारबाट स्वीकृती प्राप्त १८९८ वटा रुख/पोल हटाउन भोगाधिकार वापत वन विकास कोषमा रकम जम्मा गर्न स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा मिति २०८३/०१/२२ मा पत्राचार गरिएको,<br>- राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयबाट माग भए बमोजिम राष्ट्रिय सुरक्षा नीति २०७५, को एकिकृत कार्ययोजना, २०७७ सम्बन्धी राय/सुझाव मिति २०८३/०१/२८ गते उपलब्ध गराइएको,<br>- चैत्र महिनाको माइलस्टोन प्रगति र मासिक सूचकको आधारमा प्रगति एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्रविष्ट गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना (KTFT) अन्तर्गत कार्य सहमति (६९ जना) र गैरपर्यटक भिसा (८२ जना) का लागि अध्यागमन विभाग र श्रम इजाजत (८७ जना) का लागि श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग सिफारिस गरिएको, |
| २. | **शान्ति सेना समन्वय तथा** | - संयुक्त राष्ट्र संघको आह्वानमा विभिन्न देशमा शान्ति स्थापना कार्य तथा अन्य विविध तालिमहरुमा सहभागी हुनको लागि नेपाली सेनाबाट छनौट |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | **अन्तर्राष्ट्रिय सम्बन्ध शाखा** | भई सिफारिस भएका जम्मा २९ जना विभिन्न दर्जाको मनोनयन स्वीकृत, १६ जनाको विशेष राहदानी सिफारिस तथा ६१ जनाको ईजरायल (Israel) को भिसा सिफारिस गरिएको,<br>- अष्ट्रेलिया सरकारले नयाँ दिल्लीमा आवासीय रहने गरी नेपालका लागि गैर-आवासीय Head of Australian Defence Staff (HADA) Army पदमा BRIG Damian Hill लाई नियुक्तिका लागि प्रस्ताव गरेको सम्बन्धमा मिति २०८३/०१/०४ (सचिवस्तर) को निर्णय अनुसार सकारात्मक राय श्री परराष्ट्र मन्त्रालयमा उपलब्ध गराइएको, |
| ३. | **सूचना विश्लेषण तथा विपद् व्यवस्थापन शाखा** | - नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नं. २ अन्तर्गत यस मन्त्रालयबाट गरिने १० वटा सुधारका कार्य तथा मन्त्रालयसँग सम्बन्धित अन्य कार्यहरूको प्रगति विवरण प्रत्येक हप्ताको बिहिबार तथा मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको,<br>- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२/१२/२५ गते प्राप्त पत्रानुसार **"सिंहदरबारमा आज"** कार्यक्रममा यस मन्त्रालयबाट प्रत्येक दिन सम्पादन गरिएका मुख्य २ (दुई) कार्य सङ्कलन गरी **Google Docs** मार्फत रिपोरिङ गर्ने गरिएको,<br>- सुरक्षा जर्नल वर्ष ६ अङ्क १ को सम्पादक मण्डलको मिति २०८३/०१/२९ गते बैठक बसी लेखकहरूबाट प्राप्त भएका लेख रचनामध्ये १५ वटा लेखहरू समावेश गरी अन्तिम रूप दिइएको सुरक्षा जर्नल प्रकाशन तथा छपाईको लागि पठाउने निर्णय भएको,<br>- सूचनाको हकसम्बन्धी ऐनले गरेको व्यवस्था बमोजिम आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिमा भए गरेका कामको प्रगति विवरण (Pro-active Disclosure) सार्वजनिक गरिएको,<br>- सूचनाको हक सम्बन्धी ऐन बमोजिमको सूचना माग गर्ने निवेदकलाई मिति २०८३/०१/३१ गते सूचना उपलब्ध गराइएको (१ वटा),<br>- विपद् व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार समन्वय, सहजीकरण, तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने गरिएको, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | - मन्त्रालयको महाशाखागत तथा शाखागत कार्यसम्पादन अवस्थाको मासिक तथ्याङ्क (वैशाख महिनाको GIOMS रिपोर्टमा आधारित) तयार गरिएको,<br>- मन्त्रालयको वेबसाइट (https://www.mod.gov.np/) नियमित अद्यावधिक गरिएको, |

**ग. कानून महाशाखा**

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **कानून तथा फैसला कार्यान्वयन शाखा** | - **"सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८२"** को पुनः संशोधित मस्यौदा मिति २०८२/११/२५ मा सहमतिको लागि अर्थ मन्त्रालयमा पठाइएको,<br>- **"राष्ट्रिय सेवा दल सम्बन्धी विधेयक"** को मस्यौदामा आवश्यक तर्जुमा तथा सहमतिका लागि मिति २०८३/०१/०८ मा श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,<br>- **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (छैटौं संशोधन) आदेश, २०८२"** को सम्बन्धमा सूचना सम्पादनको लागि मिति २०८३/०१/०९ मा श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको,<br>- **"राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन) (छैटौं संशोधन) आदेश, २०८२"** को सम्बन्धमा राजपत्रमा सूचना प्रकाशनको लागि मिति २०८३/०१/१० मा मुद्रण विभागमा पठाइएको,<br>- **"सैनिक सेवा (छैटौं संशोधन) नियमावली, २०८३"** मस्यौदा स्वीकृतिको लागि मिति २०८३/०१/१७ मा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरेकोमा मिति २०८३/०१/२९ मा मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल भई स्वीकृतिको लागि अन्तिम चरणमा पुगेको।<br>- नेपाल सेनाका सैनिक व्यक्तिहरूको बढुवा, राजीनामा तथा कार्यविधि उपर लगायत विषयमा कानूनी राय/परामर्श पेश गरिएको (७ वटा), |
| २. | **मानव अधिकार अनुगमन तथा गुनासो व्यवस्थापन शाखा** | - श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भए बमोजिम तपसिल बमोजिमका विषयमा विवरण र सुझाव उपलब्ध गराइएकोः<br>• 4th Cycle of UPR मा नेपालको Position पठाउने सम्बन्धी सुझाव, |

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| | | • संयुक्त राष्ट्र संघको मानव अधिकार परिषद्को 81 औं सत्रमा "Independent Expert on Protection against violence and discrimination based on sexual orientation and gender identity" सम्बन्धमा प्रतिवेदन पेश गर्ने सम्बन्धी विवरण,<br>• संयुक्त राष्ट्र संघीय महासभामा "Peace for development" सम्बन्धी अध्ययन प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धी विवरण,<br>• विकासको अधिकार सम्बन्धी विशेषज्ञ संयन्त्र (EMRTD) को विषयगत अध्ययन Peace and Security and Right to Development का विषयमा विवरण,<br>• Prevention and Punishment of Crimes Against Humanity सम्बन्धी International Law Commission (ILC) ले तयार गरेको Draft Articles मा सुझाव,<br>- हेलो सरकार पोर्टलमार्फत प्राप्त नेपाली सेनासँग सम्बन्धित २५ वटा गुनासोहरू गुनासो व्यवस्थापनका लागि नेपाली सेना, जङ्गी अड्डामा पत्राचार गरिएको र उक्त पोर्टलमार्फत प्राप्त गुनासोहरूको सम्बन्धमा नेपाली सेनाबाट प्राप्त भएको ४ वटा गुनासोहरूको जवाफ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको, |

**घ. व्यवस्थापन महाशाखा**

| सि.नं. | शाखाको नाम | शाखाबाट सम्पादित कार्यहरू |
|---|---|---|
| १. | **आन्तरिक तथा अभिलेख व्यवस्थापन शाखा** | - रक्षा मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणालीको अन्तिम प्रतिवेदन स्वीकृत भई कार्यान्वयनमा रहेको।<br>- सुरक्षा प्रबन्ध (४ पटक), हेली उद्धार (८ पटक) तथा ड्रोन उडानको सहमति (५ वटा) दिने सम्बन्धमा सम्बन्धित मन्त्रालय/निकायहरूसँग निरन्तर सहजीकरण गरिएको,<br>- कर्णाली प्रदेश, सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा.वडा नं.१३ करैखोला स्थित सितापुर सामुदायिक वनको ३.३९ हेक्टर वन क्षेत्रको जग्गा २५ सैय्याको सैनिक कल्याणकारी अस्पताल निर्माण तथा संचालनको लागि परिमार्जित वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको,<br>- चितवन जिल्ला शक्तिखोर इलाकाको कालिका नगरपालिका वडा नं. ८ स्थित उदयपुर सामुदायिक वन क्षेत्रको जग्गा सैनिक इक्वाइन ब्रिडिङ सेन्टर स्थानतरण गर्नको लागि वातावरणीय अध्ययन प्रतिवेदन (EIA) गर्न वन तथा वातावरण मन्त्रालयमा पत्राचार गरिएको, |

| | | |
|---|---|---|
| | | - मन्त्रालय तथा मन्त्रालय अन्तर्गतका निकायहरू समेतको सवारी साधनको विवरणका साथै मर्मत खर्चको विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को पठाइएको,<br>- विद्युतीय स्कुटर र डेस्कटप कम्प्यूटर खरिद भइसकेको तथा एसी र फर्निचर खरिद प्रक्रियाको अन्तिम चरणमा पुगेको,<br>- मन्त्रालयको सफाइ तथा स्वच्छता व्यवस्थापन गर्न सम्पर्क व्यक्ति तोकिएको,<br>- मन्त्रालयको वैशाख महिनाको उच्च व्यवस्थापन समूह बैठक (SMT) मिति २०८३/०१/२४ गते सम्पन्न भएको, |
| २. | **आर्थिक प्रशासन शाखा** | - आ.व. २०८२/८३ को तेस्रो त्रैमासिकसम्मको आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको,<br>- २०८३ वैशाख महिनासम्म चालु खर्च ५८.७७% र पुँजीगत खर्च ८.७७% रहेको, |
| ३. | **खरिद व्यवस्थापन शाखा** | - नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०८२/१२/१३ को निर्णयानुसार स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूची अन्तर्गतको बुँदा नं. २ मा उल्लिखित रक्षा मन्त्रालय सम्बद्ध विकास निर्माण कार्यमा प्रयोग हुने विष्फोटक पदार्थको आयात, ओसारपसार, सञ्चय र प्रयोग सम्बन्धी रक्षा मन्त्रालयको जिम्मेवारीमा रहेको कार्यमा प्रकृयागत सरलीकरण सम्बन्धी कार्यदलले तयार पारेको प्रतिवेदन आवश्यक कार्यार्थ गृह मन्त्रालय र नेपाली सेना, जङ्गी अड्डामा पठाइएको,<br>- विभिन्न ६ (छ) वटा जलविद्युत आयोजना एवम् सडक आयोजनाका लागि आवश्यक विष्फोटक पदार्थको खरिद, आयात, ढुवानी, भण्डारण तथा व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालयमा राय/प्रतिक्रिया उपलब्ध गराउनुका साथै आवश्यक सहजीकरण गरिएको।<br>- नेपाली सेनासँग सम्बन्धित विभिन्न सामग्री आयात गर्दा भन्सार महसुल छुटका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरिएको संख्या ९ (नौ) वटा, |